**(कर छुट संस्थाको दर्ता प्रमाणपत्र नवीकरण गराउन दिनु पर्ने निवेदनको ढांचा)**

**मिति :** ................................

**श्रीमान्  कर अधिकृत /प्रमुख कर अधिकृत /प्रमुख कर प्रशासकज्यू ,**

............................ **कार्यालय,**

.........................................

**बिषय : आयकर छुट संस्थाको दर्ता प्रमाणपत्र नवीकरण ।**

श्रीमान्,

यस संस्थाले मिति ...................... मा ............................... कार्यालय, ......................... बाट कर छुट संस्थाको दर्ता प्रमाणपत्र प्राप्त गरेकोमा सो प्रमाणपत्र आयकर नियमावली, २०५९ को नियम ५ बमोजिम नवीकरण गरी पाउन यो निवेदन पेश गरेको छु । नवीकरण प्रयोजनका लागि देहायका विवरण तथा कागजातहरु निवेदन साथ संलग्न राखेको छु ।

(क) आर्थिक बर्ष ..... ..... ..... .को बित्तिय विवरण ।

(ख) आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आर्थिक बर्ष ..... .... ..... को आय बिबरण *(आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित आय बाहेक अन्य आय आर्जन गरेकोमा मात्र)* ।

(ग) आर्थिक बर्ष ... .... .... .मा अग्रिम कर कट्टी गर्नुपर्ने खर्चहरुको बिवरण तथा कर कट्टी गरेको रकम राजस्व दाखिला गरेको प्रमाण  ।

(घ) प्रमाण पत्र जारी हुंदाका वखत पेश गरेको संस्थाको विधानमा उल्लेख भएको उद्देश्य परिवर्तन/संशोधन भएको भए सो को प्रतिलिपी ।

**निवेदकको**

दस्तखत:

नाम, थर:

पद वा संस्थामा रहेको हैसियत:

ठेगाना:

फोन /मोवाइल नम्बर:

ईमेल ठेगाना :

संस्थाको नाम र आयकर छुट प्रमाणपत्र नम्बर:

संस्थाको छाप:

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**............. कार्यालय, .........**

# <u>आयकर छुट पाउने संस्था दर्ता प्रमाणपत्र</u>

**आयकर छुट प्रमाणपत्र नम्बरः** **जारी मितिः**

देहायमा उल्लेख भएको संस्था आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) को (क) मा उल्लेख भए बमोजिमको नाफा नकमाउने उद्देश्यले स्थापना भएको ........ संस्था रहेको / (ख) मा उल्लेख भए बमोजिमको सामाजिक संस्था रहेको / खेलकुद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी खेलकुद संस्था रहेको देखिएकोले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) तथा आयकर नियमावली, २०५९ को नियम ३ को उपनियम (२) बमोजिम सो संस्थालाई आयकर छुट पाउने संस्थाको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

१. संस्था सम्बन्धी बिवरण

क) स्थायी लेखा नम्बर :

ख) नाम :

ग) ठेगाना :

घ) फोन नम्बर :

ङ.) ईमेल ठेगाना / वेबसाइटः

च) संस्थाको उद्देश्यः

छ) भौगोलिक कार्यक्षेत्र :

२. संस्थाको प्रारम्भिक दर्ता सम्बन्धी बिवरण

क) दर्ता गर्ने निकायः

ख) दर्ता नम्बरः

ग) दर्ता मितिः

३. मुख्य व्यक्तिको बिवरण

क) नाम र ठेगानाः

ख) फोन / मोवाइल नम्बरः

ग) ईमेल ठेगाना :

(..................................................)

कर अधिकृत

## नवीकरण सम्बन्धी विवरण

**संस्थाको नामः** **आयकर छुट प्रमाणपत्र नम्बरः**

| क.सं. | आय बर्ष | नवीकरण भएको मिति | नवीकरण गर्ने अधिकृतको नाम, थर र दर्जा | नवीकरण गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**द्रष्टब्य : यो प्रमाणपत्र प्राप्त गरेको संस्थाले देहाय बमोजिमका ब्यबस्था पालना गर्नु पर्नेछ :**

१. संस्थाको दर्ता प्रमाणपत्रमा उल्लेख भए बाहेक अन्य काम गरेमा कर छुटको सुविधा प्राप्त हुने छैन ।

२. संस्थाले प्राप्त गरेको रकम वा आयमध्ये आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित देहायको रकम बाहेक अन्य आयमा आयकर छुट हुने छैन :

(क) चन्दा उपहार, र

(ख) कुनै ब्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आश नगरी संस्थाको उद्देश्यसंग प्रत्यक्ष रुपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदानहरु ।

३. संस्थाले चन्दा उपहार र कुनै ब्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आश नगरी संस्थाको उद्देश्यसंग प्रत्यक्ष रुपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदानहरु बाहेक अन्य कुनै आय आर्जन गरेमा सो रकमलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय बिबरण पेश गरी आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण र दाखिला गर्नु पर्नेछ ।

४. आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क र ८९ बमोजिम कुनै पनि ब्यक्ति वा निकायलाई पारिश्रमिक, सेवा शुल्क वा लगानी प्रतिफल, आकष्मिक लाभ र ठेक्का वा करार वापतको कुनै रकम भुक्तानी गर्दा तत् तत् दफामा तोकिएको दरले हुने रकम अग्रिम कर कट्टी गरी सोको विवरण र करको रकम प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५. हरेक आय बर्षको असोज मसान्त भित्रमा यो प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ । प्रमाणपत्र नवीकरण गराउने प्रयोजनका लागि निवेदन दिदा देहायका कागजात वा विवरण निवेदन साथ संलग्न हुनु पर्नेछ :

(क) गत बर्षको बित्तिय विवरण ।

(ख) आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम गत बर्षको आय बिबरण *(आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित आय बाहेक अन्य आय आर्जन गरेकोमा मात्र)* ।

(ग) गत बर्षमा अग्रिम कर कट्टी गर्नुपर्ने खर्चहरुको बिवरण तथा कर कट्टी गरेको रकम राजस्व दाखिला गरेको प्रमाण ।

६. तोकिएको समयमा प्रमाणपत्र नवीकरण नगराएमा कर छुटको सुविधा प्राप्त हुने छैन ।